प्रदेश सभा नियमावली, २०७४ को
नियम १३३ को उपनियम २ बमोजिम

आर्थिक मामिला तथा योजना मन्त्री माननीय कैलाश प्रसाद ढुङ्गेलले
प्रदेश सभामा प्रस्तुत गर्नु भएको,

## आ.व. २०७५/७६ को लागि विनियोजन विधेयक, २०७५ का

# सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार, प्रदेश नं ३
आर्थिक मामिला तथा योजना मन्त्रालय
ज्येष्ठ २०७५

प्रदेश सभा नियमावली, २०७४ को
नियम १३३ को उपनियम २ बमोजिम

आर्थिक मामिला तथा योजना मन्त्री माननीय कैलाश प्रसाद ढुङ्गेलले
प्रदेश सभामा प्रस्तुत गर्नु भएको,

आ.व. २०७५/७६ को लागि विनियोजन विधेयक, २०७५ का

# सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार, प्रदेश नं ३

आर्थिक मामिला तथा योजना मन्त्रालय

ज्येष्ठ २०७५

मानननीय सभामुख महोदय,

१. प्रदेश नं. ३ का सार्वभौम जनताले विकासका अभियन्ताका रुपमा अनुमोदन गरी हामीलाई पठाए अनुसार गठन भएको प्रदेश सरकार निर्वाचनका बखत वाचा गरेका योजना तथा कार्यक्रमलाई क्रमवद्ध रुपमा कार्यान्वयन गर्न प्रतिवद्ध रहेको छ। ती वाचाहरुलाई पुरा गर्न आर्थिक मामिला तथा योजना मन्त्रीका हैसियतले यस सम्मानित सभामा आ.व. २०७५/७६ को विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताहरुलाई प्रस्तुत गर्न गइरहेको छु, यो महत्वपूर्ण अवसरले मलाई गर्वको महशुस गराएको विषय यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

२. चालु आर्थिक वर्षमा हामीले प्रस्तुत गरेको आय र व्यय अनुमानमा उल्लेख भएअनुसार प्रदेशस्तरीय निकायहरुबाट तोकिएको कार्य सम्पादन भइरहेको छ। विशेषतः चालु वर्षमा प्रदेश सरकारको लागि आवश्यक पर्ने ऐन, कानुन, नीति, मापदण्ड र कार्य प्रणालीहरु तयार हुने छन्। आगामी आ.व.मा गरिने हाम्रा कार्यहरु यी नीतिको मार्गदर्शन अनुसार अगाडि बढाईने छ।

३. प्रदेश सरकारले उठाउन पाउने कर तथा गैरकर राजश्वका लागि चालु आ.व.मा सरकारले कुनै दर प्रस्ताव गरेको छैन। आगामी आ.व.को लागि आर्थिक विधेयक मार्फत सो दर प्रस्तुत हुने छ। तर प्रदेश सरकारलाई सीमित कर मात्र उठाउन पाउने गरी भएको व्यवस्थामा पुनर्विचार गर्न आवश्यक छ। कराधारका सीमित क्षेत्रहरुबाट समृद्ध प्रदेश बनाउने हाम्रो अभियान चुनौतिपूर्ण रहने ठानिएको छ।

४. आगामी आ.व.को लागि प्रदेश सरकारद्वारा प्रस्ताव हुने आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रणाली कस्तो रहने हो स्पष्ट हुनु जरुरी छ। विनियोजन हुने रकमको खर्च गर्ने संरचना वा निकायको व्यवस्था गर्नु आवश्यक छ। प्रदेश वित्तीय हस्तान्तरण विधेयक र अनुदान सम्वन्धी कार्यविधिहरु तत्कालै जारी गर्नुपर्ने अवस्था छ। साथै योजना तथा कार्यक्रमहरुको कार्यान्वयन विधिका बारेमा नीतिगत स्पष्टता जरुरी भै सकेको छ।

५. एउटै भुगोलमा तीन तहको सरकारद्वारा सञ्चालन हुने क्रियाकलापमा दोहोरो र तेहरोपन हुन सक्ने गुन्जायस रहन्छ। यसर्थ राष्ट्रिय योजना आयोगद्वारा जारी भएको “वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन, २०७४” समेतमा

उल्लेख भएका सीमा तथा आधारलाई विश्लेषण गरेर प्रदेश र स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमको छनौट हुनु पर्ने देखिन्छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल्य र मान्यता एवं समाजवाद उन्मुख अर्थतन्त्रको आधारभूत विषयलाई जनताको अपेक्षा र आवश्यकताको आधारमा क्रमशः पूरा गर्ने गरी आगामी आ.व. को बजेट विनियोजन गर्नु पर्ने हुन्छ। "समृद्ध नेपाल र सुखी नेपाली" को नारालाई सार्थक वनाउन एवं सन् २०३० सम्ममा नेपाललाई मध्यम स्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने गरी तय गरिएको दिगो विकास लक्ष्य २०३० प्राप्तिको आधारशीला खडा गर्नेतर्फ बजेट विनियोजन गर्नु अति जरुरी भएको छ।

६. प्रदेश क्षेत्र भित्र प्रदेश सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु प्रदेशवासीले अनुभूत गर्न सक्ने खालको हुनु पर्दछ। त्यस्ता योजना तथा कार्यक्रमहरुको गुणस्तरीयता एवं समय सीमा भित्रै सम्पन्नतातर्फ प्रदेश सरकारको उच्च सतर्कता रहने छ। नतिजामूलक एवं सुचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्वचालित व्यवस्थाले उल्लिखित विषयलाई संवोधन गर्न सक्ने देखिन्छ। प्रदेश सभामा प्रस्तुत गरिने आगामी आर्थिक वर्षको बजेट यिनै उद्देश्यतर्फ उन्मुख रहने कुरा माननीय सदस्यहरुलाई जानकारी गराउँदछु।

**माननीय सभामुख महोदय,**

७. लामो समयको संक्रमणकाल पछिको स्थिर राजनैतिक प्रणाली सहित सरकार गठन भए पश्चात जनतामा विकासको भोक तीव्र रुपमा जागृत भै रहेको छ। यस परिस्थितिमा आम प्रदेशवासीलाई प्रदेश सरकार एवं प्रदेशको शासकीय प्रणाली प्रति विश्वास दिलाई प्रदेशको तीव्र विकासमा आवद्ध गराउनु पर्ने आवश्यकता छ।

८. प्रदेशको तीव्र विकासको अभियानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरुलाई भित्र्याउन लगानीको आकर्षक नीति अगाडि ल्याउनुपर्ने आवश्यकता छ। विकासको माग र स्रोतको उपलव्धताको फासलालाई परिपूर्ति गर्ने माध्यम भनेकै लगानी भित्र्याउनु नै हो भन्ने कुरालाई मध्यनजर राख्दै प्रदेश सरकारको लगानी नीति स्पष्ट गर्नु पर्ने देखिन्छ। साथै के कस्तो योजनामा लगानी आवश्यक छ भनी प्रदेश सरकारबाट योजनाको खाका प्रस्तुत हुनु जरुरी भै सकेको छ।

९. हालसम्म केन्द्रीय योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका विविध समस्याहरुलाई अवको दिनमा न्यूनीकरण गर्नु आवश्यक छ। प्रदेश सरकारबाट अगाडि सारिने त्यस्ता योजना कार्यान्वयनमा देखा पर्ने समस्याको शुरुमै पहिचान गरी आवश्यक रणनीति सहित व्यवस्थापन गर्नु आवश्यक छ। स्थानीय प्रकृतिका स-साना कार्यक्रममा प्रदेश सरकारले लगानी नगर्ने एवं योजना छनौट, कार्यान्वयन र सम्पन्न गर्नका लागि समय सीमा सहितको प्रणाली स्थापित गर्ने गरी कार्य प्रारम्भ गर्नु आवश्यक छ।

१०. सरकारले उपलव्ध गराउने कुनै पनि प्रकृतिको अनुदानबाट लक्षित वर्गको हित प्रवर्द्धन हुनु आवश्यक छ। जसका लागि अनुदान उपलव्ध गराईने हो, सोही वर्गलाई लाभान्वित गराउने विधि स्थापित गर्नु गराउनु पर्दछ। गैर लक्षित वर्गलाई त्यस्ता कार्यक्रममा संलग्न हुन नदिने वैज्ञानिक प्रणाली स्थापित गराउनु आवश्यक छ।

११. राजनैतिक दलहरुले जनता समक्ष प्रस्तुत गरेका प्रतिवद्धतापत्र एवं घोषणापत्रमा उल्लिखित विषयहरुलाई नजरअन्दाज गर्न मिल्दैन। ती पत्रहरुमा उल्लिखित प्रतिवद्धताहरुलाई क्रमशः लागु गर्दै जाने सोच लिनु आवश्यक छ। संविधान कार्यान्वयनको यस महान घडीमा परम्परा र प्रक्रियामुखी कामलाई अत्याधुनिक विधि र प्रक्रियामा ढाल्न प्रभावकारी प्रणालीको आवश्यक पर्दछ। जनताद्वारा अनुमोदित ती विषयलाई प्रदेश सरकारले अवलम्बन गर्दै जाने छ भनी माननीय सभामुख मार्फत प्रदेश सभालाई जानकारी गराउन चाहन्छु।

**माननीय सभामुख महोदय,**

१२. सभ्यता, संस्कृति र कलामा सयौं वर्ष अगाडि देखि नै यस प्रदेशले प्रसिद्धि पाएको छ। अनगिन्ती प्राकृतिक, संस्कृतिक र पुरातात्विक सम्पदा यस प्रदेशमा रहेका छन। ती सम्पदाको महत्तम प्रयोग एवं कृषि, ऊर्जा, पर्यटन र पुर्वाधारको विकास गरी प्रदेश नं. ३ लाई मुलुककै उत्कृष्ट प्रदेश बनाउने, प्रदेशमा प्रदेश सरकारबाट सञ्चालित योजना तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विधि स्थापित गर्ने, प्रदेश गौरवका योजना सञ्चालन गर्ने एवं प्रदेशमा रहेका विकास निर्माणका सम्भाव्यताहरुको महत्तम उपयोग गर्ने र समृद्ध प्रदेश निर्माण गर्ने अभियानमा आगामी आ.व.को बजेट उन्मुख हुने छ।

अब म आ.व. २०७५/७६ को बजेटको सिद्धान्त तथा प्राथमिकताहरुलाई देहाय अनुसार प्रस्तुत गर्दछु :-

१३. विनियोजन विधेयकका सिद्धान्तहरु

शान्ति सुरक्षा र सुशासन प्रवर्द्धन

(क) प्रभावकारी सुरक्षा प्रवन्ध सुशासन र विकासको पूर्वशर्त हो। यसर्थ प्रदेशमा सञ्चालन हुने विकास आयोजनाहरुमा आवश्यक सुरक्षाको प्रभावकारी प्रवन्धको व्यवस्था मिलाईने छ। प्रदेशस्तरीय सुरक्षा संयन्त्रको क्षमता वृद्धि एवं प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिने छ। राजनीति, प्रशासन र प्रदेशको समग्र शासकीय प्रणाली प्रति आम प्रदेशवासीको विश्वास अभिवृद्धि गरिने छ। द्वन्द्वपिडीतलाई राहत हुने विभिन्न कार्यक्रमहरु सञ्चालन गरी दिगो शान्ति स्थापनाका लागि सहयोग पुग्ने क्रियाकलापहरु सञ्चालन गरिने छन्। लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा खुला समाजको अवधारणालाई हाम्रा नीति, योजना तथा कार्यक्रममा उच्च महत्वका साथ स्थान दिईने छ।

(ख) सरकारी कामकारवाहीमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्दै दण्डहीनताको अन्त्य तथा भ्रष्टाचारमा शून्य सहनशीलताको प्रणाली स्थापित गरिने छ। जनता प्रति उत्तरदायी, जनताबाट सञ्चालित र जनताको सेवामा समर्पित सिद्धान्तहरु अबका हाम्रा नीति, योजना र कार्यक्रममा परिलक्षित हुने छन्। सरकारी काम कारवाहीमा सुचना प्रविधिको प्रयोगलाई व्यापक बनाई सार्वजनिक सेवा वितरणलाई सरल, सहज र पारदर्शी बनाईने छ।

स्पष्ट अनुदान नीतिको प्रयोग

(ग) प्रदेश सरकारबाट उपलव्ध गराईने अनुदान वितरणको लागि स्पष्ट कानुनी आधारको प्रयोग तथा त्यस्तो अनुदान कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धिको प्रणाली लागु गरिने छ। विकासका नाममा अनुदान छर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ। गैर लक्षित वर्गमा अनुदान जान सक्ने प्रवृत्तिलाई रोक्न आवश्यक संयन्त्रको परिचालन गर्दै अनुदान सदुपयोगद्वारा लक्षित वर्गको उत्थानमा जोड दिइने छ।

विकास कार्यक्रमहरुको प्राथमिकीकरण

(घ) प्रदेश सरकारले आगामी आ.व.मा सञ्चालन गर्ने विकास कार्यक्रमहरु प्रदेशस्तरीय सम्वन्धित मन्त्रालयबाट प्राथमिकताका आधारमा छनौट गर्ने नीति लिईने छ। जुन मन्त्रालयको कार्यक्षेत्र भित्रको कार्यक्रम हो, सोही मन्त्रालयबाट सो विकास कार्यक्रमको मध्यकालीन खर्च संरचना सहितको खाका प्रस्तुत गर्ने प्रणाली स्थापित गरिने छ। प्रदेशका सवै स्थानीय तहबाट संकलन भएको मागलाई नियमानुसारको प्राथमिकिकरण गर्दै कार्यान्वयन गर्ने नीति लिईने छ। आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, समुह तथा क्षेत्रका महिला, आदिवासी, जनजाति, अशक्त, एवं बालाबालिकाको हित प्रवर्द्धन सम्वन्धी योजना तथा कार्यक्रम छनौटलाई प्राथमिकता दिईने नीति अवलम्बन गरिने छ। योजना तथा कार्यक्रम छनौट र कार्यान्वयनमा वातावरण संरक्षणको पक्षलाई उच्च प्राथमिकता दिईने छ।

प्रदेश गौरवका योजना छनौट र कार्यान्वयन

(ङ) प्रदेशमा हाल रहेका १३ जिल्ला मध्ये केही जिल्लामा सम्भावना, आवश्यकता र मागको आधारमा प्रदेश गौरवका योजना छनौट गरी आगामी आ.व. देखि नै कार्यान्वयन गर्ने नीति लिईने छ। प्रदेश स्तरमा गौरव गर्न सक्ने त्यस्ता आयोजनाबाट रोजगारी सृजना र आय आर्जन अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा लिईएको छ।

कार्यमा दोहोरोपनाको अन्त्य

(च) एउटै भूगोलमा तीन छुट्टाछुट्टै तहका सरकारबाट योजना तथा कार्यक्रम छनौट भै सञ्चालन हुन सक्ने संभावनालाई मध्यनजर गर्दै प्रदेश सरकारले छनौट गर्ने सबै प्रकारका योजना तथा कार्यक्रममा दोहोरो वा तेहरोपन नपर्ने गरी विचार पुऱ्याइने छ। स्थानीय वा संघीय सरकारबाट छनौट भई बजेटको सुनिश्चितता सहित कार्यान्वयन चरणमा रहेका योजना तथा कार्यक्रममा प्रदेश सरकारले बजेट विनियोजन नगर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिने छ। साथै प्रदेश भित्र कार्य शुरु गर्ने कुनै पनि अन्तराष्ट्रिय वा राष्ट्रिय गैर सरकारी संस्थाको कार्य प्रणालीलाई नीतिगत रुपमा नै व्यवस्थित गरिने छ।

स्थानीय तहसँग प्रभावकारी सम्वन्ध

(छ) योजना तथा कार्यक्रम छनौट, करको दर निर्धारण तथा बाँडफाँड आदिमा स्थानीय तहसँग निरन्तर सम्पर्क स्थापित गर्ने नीति लिईने छ। प्रदेश सरकारद्वारा स्थानीय तहमा उपलव्ध गराईएको अनुदानको प्रभावकारी उपयोगका लागि आवश्यक सहयोग, समन्वय र सहकार्यमा जोड दिईने छ। प्रदेशका ११९ वटा स्थानीयतहसँग समान एवं सन्तुलित व्यवहारको सिद्धान्तलाई अवलम्बन गरिने छ। प्रदेशको अनुदान वितरण प्रणालीलाई स्थानीय तहको कार्य सम्पादनसँग आवद्ध गर्ने विधि स्थापित गरिने छ।

उत्पादन र उत्पादकत्व वृद्धि

(ज) कृषि उत्पादनमा वृद्धि गर्दै कृषि उपजको आयात कम गर्ने गरी आवश्यक कार्यक्रमहरु तर्जुमा गरिने छ। आवश्यक स्थानमा शीत भण्डार, सार्वजनिक गोदाम तथा कृषि प्रशोधन उद्योगहरुलाई प्रोत्साहित गरी कृषिको उत्पादन र उपभोगमा देखिएको भिन्नता कम गर्दै बचत हुने कृषि उपज निर्यात गर्ने नीति लिईने छ।

(झ) प्रदेश भित्र नमुनाको रुपमा केही विद्युत गृहहरुको सञ्चालनका लागि आगामी आ.व. भित्र सो सम्वन्धी संभाव्यता अध्ययनको कार्य अगाडि बढाईने छ। हाल निर्माणको प्रक्रियामा रहेका विद्युत आयोजनाको निर्माण कार्य शीघ्ररुपमा अघि बढाई विद्युत उत्पादन वृद्धिमा जोड दिईने छ। प्रदेशका सार्वजनिक निर्माण कार्यलाई प्रभावकारी बनाउन प्रदेश सरकार मातहतमा रहने गरी प्रादेशिक निर्माण कम्पनी स्थापनाको प्रक्रिया अगाडि बढाइने छ।

(ञ) औद्योगिक क्रियाकलापलाई बढावा दिई स्थानीय स्रोत साधनको प्रयोगबाट सञ्चालित उद्योगको उत्पादकत्व वृद्धिमा जोड दिईने छ। प्रदेश भित्रका औद्योगिक क्षेत्रहरुको प्रभावकारिता वृद्धि गर्न एवं औद्योगिक विकासको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन्।

(ट) पर्यटन क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धिका लागि निजी एवं सहकारी क्षेत्रसँग सहकार्यको नीति अवलम्बन गरिने छ। प्रदेशको आर्थिक विकासमा यस क्षेत्रको योगदानलाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन्।

## पुँजी निर्माण र लगानी

(ठ) पुँजी बजारको प्रवर्द्धन गर्दै छरिएर रहेका स-साना पुँजीलाई समेत उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न प्रदेशस्तरबाट आवश्यक क्रियाकलाप सञ्चालन गरिने छ। सहकारी क्षेत्रसँग बचत रहेको पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न आवश्यक प्रबन्ध मिलाइने छ।

(ड) पर्यटन, ऊर्जा, उद्योग र सेवा क्षेत्रमा आन्तरिक तथा वैदेशिक लगानी भित्र्याउन नीतिगत एवं प्रक्रियागत प्रणालीमा सुधार गरी प्रदेश नं. ३ लाई लगानीको आकर्षित स्थलको रुपमा विकास गरिने छ।

## सरकारी निकायहरुको क्षमता अभिवृद्धि

(ढ) स्रोतको पहिचान, परिचालन र प्राप्तिमा सरकारी संयन्त्रको क्षमता विकास गरी प्रभावकारिता ल्याउनै पर्दछ। स्रोत एवं क्षमतायुक्त सरकारी संयन्त्रको कुशल परिचालनले सरकारका समग्र नीति, कार्यक्रम र योजनालाई नतिजाउन्मुख बनाउन सहयोग गर्दछ। योजना तथा कार्यक्रमको उपलब्धिलाई कर्मचारीको कार्यसम्पादनसँग आवद्ध गरिने प्रणालीलाई निरन्तर रुपमा स्थापित गर्दै जाने नीति लिईने छ।

## कानुनी र नीतिगत सुधार

(ण) चालु आर्थिक वर्षको आय र व्यय विवरण प्रस्तुत गर्दा नै मैले प्रदेश सरकारका लागि आवश्यक पर्ने नीति तथा कानुनहरु निर्माण गर्ने विषय उल्लेख गरेको थिए। अहिले सम्ममा प्रदेशस्तरका सबै मन्त्रालयले तर्जुमा गर्नु पर्ने नीति एवं कानुनको सूची तयार भइ सो तर्जुमाको लागि कार्य अगाडि बढी सकेको अवस्था छ। केही नीति तथा कानुनको मस्यौदा अन्तिम रुपमा पुगेका छन। प्रदेश सरकारले तयार गर्नु पर्ने नीति तथा कानुन यथाशीघ्र तर्जुमा गर्ने कार्यलाई निरन्तर रुपमा अगाडि बढाइने छ।

## योजना तथा कार्यक्रमको प्रभावकारिता वृद्धि र गुणस्तरमा सुधार

(त) प्रदेशस्तरमा सञ्चालन हुने विकास कार्यक्रमको समग्र पक्षमा प्रभावकारिता अभिबृद्ध गर्न आवश्यक क्रियाकलाप सञ्चालन गरिने छ। उपभोक्ता समितिहरुलाई उनीहरुको क्षमता अनुसारको कार्य मात्र गर्न दिने गरी

नीतिगत प्रवन्ध मिलाइने छ। कार्यमा गुणस्तर कायम गर्न प्राविधिक परीक्षण गर्ने निकायको क्षमता अभिवृद्धि गरिनुका साथै गुणस्तरीय निर्माण एवं मर्मत संभारका लागि सम्वन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाईने छ।

<u>मानव संशाधन विकास र योजना</u>

(थ) प्रदेशलाई आवश्यक पर्ने मानवस्रोतको अनुमान र अभिलेखिकरण सहित योजनावद्ध रुपमा मानव संशाधनको विकास गरिने छ। युवावर्गको ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गर्न प्रोत्साहन गर्नुका साथै वैदेशिक रोजगारका क्रममा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्न सक्ने वातावरण निर्माणमा जोड दिईने छ। प्रदेशमा खेलकुद प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ।

(द) भुकम्प पछिको पुनर्निर्माणमा दक्ष जनशक्तिको मागलाई आपूर्ति गर्न राष्ट्रिय पुननिर्माण प्रधिकरणसँगको सहकार्यमा अल्पकालीन सीप विकास तालिम एवं प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ। त्यस्ता कार्यक्रमहरु विभिन्न संघ संस्थाहरुसँगको साझेदारीमा सञ्चालन गरिने व्यवस्था मिलाईने छ।

<u>साझेदारी अवधारणाको प्रयोग</u>

(ध) प्रदेशस्तरीय योजना तथा कार्यक्रमहरुलाई नतिजामुलक वनाउनका लागि निजी एवं सहकारी क्षेत्रसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने नीतिलाई उच्च प्राथमिकता दिईने छ। निजी तथा सहकारी क्षेत्र समेतको लगानीमा प्रदेश स्तरीय योजना कार्यान्वयन गर्ने प्रणालीलाई स्थापित गरिने छ। सार्वजनिक निजी साझेदारी र सार्वजनिक सहकारी साझेदारी सम्वन्धी प्रदेशस्तरको नीति तत्काल जारी गरिने छ।

<u>अनुगमन र मूल्याङ्कन पद्धतिमा सुधार</u>

(न) प्रदेश सरकारबाट सञ्चालित योजना तथा कार्यक्रम र उपलव्ध गराइएको अनुदानको प्रभावकारी कार्यान्वयनका लागि सुचकमा आधारित एवं नतिजामुलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गरिने छ। प्रदेशस्तरका निकायमा रहेका अनुगमन र मूल्याङ्कन गर्ने शाखाहरुलाई स्रोत,

साधन र जनशक्तिले भरिपूर्ण पारी ती शाखाहरुको सक्रियता अभिवृद्धि गरिने छ।

## १४. विनियोजन विधेयकका प्राथमिकताहरु

### (क) सुशासन प्रवर्द्धन

प्रदेश सरकारको समग्र कार्य प्रणालीमा पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारिता अभिवृद्धिसँगै प्रदेशको शासकीय प्रणाली प्रति प्रदेशवासीको विश्वास बढाउन सार्वजनिक सेवा प्रवाहको गुणस्तर वृद्धि गरिने छ। भ्रष्टचारमा शुन्य सहनशीलता एवं समग्र शासन प्रणालीमा दण्डहीनताको अन्त्यका लागि आवश्यक नीतिगत एवं प्रक्रियागत प्रबन्ध मिलाइने छ। प्रदेशमा रहेका कर्मचारीहरुको मनोवल उच्च बनाई कार्यप्रति उत्प्रेरित बनाई राख्नका लागि आवश्यक दक्षता अभिवृद्धि सहितको तालिम, अध्ययन तथा अनुसन्धान र नवितम प्रविधिमा निपूण बनाउन आवश्यक क्रियाकलापहरु सञ्चालन गरिने छन्।

### (ख) आर्थिक विकास

कृषि, पर्यटन, उर्जा तथा पूर्वाधारका सम्पूर्ण क्षेत्रहरुको विकास गरी रोजगारी प्रवर्द्धन एवं उत्पादन र उत्पादकत्व वृद्धिका लागि विशेष जोड दिईने छ। ११९ स्थानीय तह एवं ६६ निर्वाचन क्षेत्र रहेको यस प्रदेशका हरेक तह एवं क्षेत्रको समग्र आर्थिक विकासको लागि समपुरक, विशेष तथा सशर्त अनुदान समेतको माध्यमबाट प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिने छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले यस प्रदेशभित्र कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्नुपूर्व प्रदेश सरकारसँग अनुमति लिनुपर्ने व्यवस्था गरिने छ र त्यस्ताकार्यहरुको लागतलाई प्रदेशको आर्थिक विवरणमा आवद्ध गराइने छ।

### (ग) कृषिको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण

प्रदेश नं. ३ कृषि उत्पादनको लागि पकेट क्षेत्र नै हो। परम्परागत एवं निर्वाहमुखी कृषि प्रणालीलाई दिगो, आधुनिक, नाफामुलक र व्यवसायिक बनाई प्रतिस्पर्धी र आत्मनिर्भर प्रणाली तर्फ उन्मुख गराउन उत्पादन वृद्धि सम्वन्धी आवश्यक क्रियाकलापहरु सञ्चालन गरिने छ। विषादिरहित खेती

प्रवर्द्धन र अर्गानिक मल उत्पादनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन्। माटो परीक्षण गरी सोही अनुसारको बाली, नगदेबाली, जडिबुटी, फलफूल तथा अन्य तरकारी खेतीको पकेट क्षेत्र पहिचान गरी कृषिमा आधुनिकीकरण र विविधिकरणका लागि उत्पादनका साधनहरुको सहज र सुलभ उपलव्धता, पुँजीगत लगानीमा अनुदान र उत्पादनका आधारमा थप प्रोत्साहन दिने नीति लिईने छ। चिया, कफि, अलैंची, आलु आदिको प्रवर्द्धनमा विशेष कार्यक्रम ल्याइने छ। एक जिल्लामा कम्तिमा एक चिस्यान केन्द्र निर्माण गरिने छ। आवश्यकता र सम्भाव्यताका आधारमा नदी लिफ्टिङ सिँचाई आयोजनाहरुको निर्माण शुरु गरिने छ। कृषि उत्पादनका अन्य क्षेत्रहरुमा आवश्यकता अनुसार सिँचाईको प्रबन्ध मिलाइने छ। साथै कृषि व्यवसायमा सीप तथा क्षमतायुक्त जनशक्ति उत्पादन एवं पुनर्ताजगीका लागि प्रदेशस्तरीय कृषि तालिम केन्द्रको स्थापना गरिने छ।

### (घ) पर्यटन विकास

प्रदेश भित्र पहिचान भइसकेका पर्यटन स्थलहरुको सुधार एवं प्रवर्द्धन तथा पहिचान नभई ओझेलमा परेका स्थलहरुको अभिलेखिकरण र प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ। प्रदेश स्थित हरेक निर्वाचन क्षेत्र र स्थानीय तहमा रहेका पर्यटनका संभावनाहरुको पहिचान एवं विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गरिने छ। प्राथमिकतामा परेका पर्यटकीय स्थलहरुमा सडकको पहुँच, हेलिप्याड, केबलकार आदि भौतिक संरचनामा जोड दिइ पाराग्लाइडिङ, बन्जी, र्‍याफ्टिङ आदि क्रियाकलापलाई प्रोत्साहन गरिने छ। नेपालको सामाजिक, आर्थिक, राजनीतिक, कला-संस्कृति, इतिहास आदि प्रतिविम्बित गर्ने यस प्रदेश भित्रका स्मारक, उद्यान, शहीद पार्क तथा प्रतिष्ठानहरुको उचित व्यवस्थापन गरी स्तरोन्नति गरिने छ तथा नयाँ स्मारक, फिल्म सिटी क्षेत्रहरु, उद्यान तथा प्रतिष्ठानहरु निर्माणका लागि संभाव्यता अध्ययन गरिने छ। प्रदेशमा रहेका विभिन्न धार्मिक स्थलहरुको जगेर्ना तथा संरक्षण गरी धार्मिक पर्यटनको प्रवर्द्धन गरिने छ।

### (ङ) पूर्वाधार विकास

आगामी आ.व. देखि मुख्यमन्त्री ग्रामिण सडक कार्यक्रम सञ्चालन मार्फत जिल्ला सदरमुकामदेखि स्थानीय तहको मुकामसम्मका सडकलाई स्तरोन्नति गरी कालोपत्रे गरिने छ। गाउँपालिका, नगरपालिका केन्द्रदेखि वडा मुकामसम्म सडकको ट्र्याक खोलिने छ। सुरुङमार्गहरुको निर्माणलाई उच्च प्राथमिकता दिई आगामी आ.व. देखि नै कार्य प्रारम्भ गर्ने गरी प्रकृया शुरु गरिने छ। प्रदेश सरकार आफैले कम्तिमा एउटा विद्युत आयोजनाको निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखी आगामी आ.व. देखि प्रकृया शुरु गरिने छ। काठमाडौं लगायतका ठूला शहरहरुमा शहरी रेल सेवाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य शुरु गरिने छ। खानेपानीको अति अभाव भएका स्थानीय तहहरुलाई सुख्खाक्षेत्र घोषणा गरी खानेपानीको सहज आपूर्तिको लागि प्रक्रिया अगाडि बढाईने छ।

### (च) गुणस्तरीय शिक्षाको प्रवर्द्धन

प्रदेशमा रहेका सामुदायिक विद्यालयहरुको सवै तहमा गुणस्तर सुधार एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न आवश्यक नीतिगत एवं कार्यक्रमगत विधिहरुको प्रयोग गर्ने कार्य आरम्भ गरिने छ। शिक्षामा सवैको पहुँच स्थापित गर्दै आवश्यकता अनुरुपको गुणस्तरीय, व्यवसायिक र सीपयुक्त शिक्षा प्रदान गरी रोजगारी र स्वरोजगारी अभिवृद्धि गर्न जोड दिईने छ। खेलकुद, पर्यटन र सहकारी शिक्षा आधारभूत तहदेखि अध्ययन, अध्यापन गर्ने व्यवस्था मिलाइने छ। प्रत्येक स्थानीय तहमा कम्तिमा एक प्राविधिक शिक्षालयको व्यवस्था गरी उद्यमशीलता प्रवर्द्धन गरिने छ।

### (छ) स्वास्थ्यमा सहज, सरल र सुविधाजनक पहुँच

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेकोछ। प्रदेशमा हाल रहेका स्वास्थ्य केन्द्रहरुको प्रभावकारिता अभिवृद्धिका लागि औषधि, उपकरण र जनशक्ति परिचालनको क्षेत्रमा संघ र स्थानीयतहसँग सहकार्य गर्ने नीतिलाई उच्च

प्राथमिता दिईने छ। प्रत्येक स्थानीय तहमा आधुनिक स्तरको कम्तिमा एक अस्पताल निर्माण गरिने छ।

(ज) **औद्योगिक विकास र उत्पादकत्व वृद्धि**

प्रदेशमा रहेका औद्योगिक क्षेत्रको क्षमता तथा प्रभावकारिता अभिवृद्धि एवं सञ्चालित घरेलु तथा साना उद्योगको उत्पादकत्व वृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ। जिल्ला भित्र उत्पादन हुने विभिन्न कच्चा पदार्थको प्रयोगबाट सञ्चालन हुन सक्ने उद्योगहरुको विकासमा विशेष जोड दिईने छ। उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरु आकर्षित गरी रोजगारीका अवसरहरु सिर्जना गरिने छ।

(झ) **वन संरक्षण, विकास र उपयोग**

प्रदेशमा हाल रहेका वन क्षेत्रको संरक्षण, विकास र वैज्ञानिक उपयोगका लागि विविध कार्यक्रमहरु सञ्चालन गरिने छन्। वन क्षेत्रबाट प्राप्त हुने कर तथा रोयल्टीको प्रयोग, वैज्ञानिक वन व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक उत्पादन र वितरण तथा पर्यापर्यटन प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न बजेट मार्फत प्रभावकारी कार्यक्रम अगाडि ल्याईने छ।

(ञ) **भूमिको उपयोग र व्यवस्थापन**

कृषियोग्य जमिनको बेमुनासिव तरिकाले खण्डीकरण भइरहँदा कृषि उत्पादनमा गम्भीर असर पर्ने तथ्यलाई हृदयङ्गम गरी भूमि उपयोगको वैज्ञानिक नीति अवलम्बनमा जोड दिईने छ। सोको लागि राष्ट्रिय भू-उपयोग आयोजनाले हालसम्म तयार गरेका नक्साहरुको प्रमाणीकरण गरी प्रयोगमा ल्याइने छ। कृषि योग्य भूमि बाझो राख्न नपाईने गरी नीतिगत प्रबन्ध गर्नको लागि तत्काल कार्य प्रारम्भ गरिने छ। राज्यबाट उपलव्ध गराईने कुनै पनि सेवा सुविधा नपुगेको स्थानमा घर निर्माण गर्ने प्रचलनलाई निरुत्साहित गरी एकिकृत वस्ती विकासका कार्यक्रम अगाडि वढाइने छ। प्रदेश भित्र रहेका सार्वजनिक जग्गाको लगत स्पष्ट पार्ने प्रक्रिया शुरु गरिने छ। सार्वजनिक खाली जग्गामा हरियाली प्रवर्द्धन र पार्क निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

(ट) **लक्षित कार्यक्रमहरु सञ्चालन**

आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र तथा समुहलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालनमा जोड दिईने छ। महिला, वालवालिका, अशक्त, अपांग, ज्येष्ठ नागरिक, एकल महिला, तेस्रो लिङ्गी, आदिवासी, जनजाति, दलित, भूमिहीन, सुकुम्वासी लगायतका विपन्न व्यक्तिलाई लक्षित गरी प्राथमिकताका साथ विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ। ज्येष्ठ नागरिक आवास गृहहरुको उचित व्यवस्थापन गरी आवश्यकता अनुसार नयाँ आवास गृहहरुको निर्माण गरिने छ। प्रदेश नं. ३ लाई सुकुम्वासी विहीन बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ। समाजमा रहेका सवैखाले विभेदलाई अन्त्य गर्नुका साथै सामाजिक सुरक्षा र संरक्षणमा विशेष जोड दिइने छ। प्रदेशका विभिन्न स्थानहरुमा आवश्यकता अनुसार सुधार केन्द्र स्थापना गरिने छ।

(ठ) **नतिजामा आधारित अनुगमन**

प्रदेशस्तरीय मन्त्रालय एवं निकायबाट सञ्चालन हुने हरेक योजना तथा कार्यक्रमलाई प्रभावकारी एवं नतिजा उन्मुख रुपमा सञ्चालन गर्न सुचकमा आधारित अनुगमन तथा मूल्याङ्कन विधिको प्रयोग गरिने छ। यस मार्फत प्रदेश सरकारबाट उपलव्ध गराईने अनुदानको परिचालनलाई व्यवस्थित गर्ने प्रणाली स्थापित गरिने छ। प्रदेशमा सञ्चालन हुने हरेक योजना तथा कार्यक्रमलाई प्रभावकारी एवं नतिजामुलक रुपमा सञ्चालन गर्न गराउन अनुगमनको सशक्त संयन्त्र खडा गरी परिचालन गरिने छ। हरेक अनुगमन र मूल्याङ्कनको कार्यलाई अभिलेखिकरण र प्रतिवेदनसँग आवद्ध गरी सो को उच्चतम रुपमा अनुशरण गर्ने विधि शुरु गरिने छ।

धन्यवाद।